# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७५/०१/२१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको

---------------------------------------------

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालमा शैक्षिक योग्यता सम्बन्धी परेको उजुरी उपर अनुसन्धान हुँदा विभिन्न सरकारी कार्यालय, संस्थान र शैक्षिक निकायमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुले भारतका विभिन्न बोर्डबाट जारी नै नभएका शैक्षिक योग्यताको प्रमाणपत्रहरु झुठा बनाइ अनुचित लाभ लिने उद्देश्यले शुरु नियुक्ति र बढुवाको लागि पेश गरेको तथ्य प्रमाणित हुन आएको देखिदा देहायका ६ जना राष्ट्रसेवक कर्मचारीहरु उपर विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ। शैक्षिक योग्यताको प्रमाणपत्रहरु नक्कली बनाइ पेश गरी अनुचित लाभ लिने प्रवृत्ति नियन्त्रण गर्न आयोगले गम्भीर रुपमा छानविन गरिरहेको छ। साथै झुठ्ठा शैक्षिक योग्यताका प्रमाण-पत्र पेश गरी अनुचित लाभ लिने राष्ट्रसेवक कर्मचारीहरुलाई कानूनी दायरामा ल्याइ कारवाही गर्न आयोग क्रियाशील रहेको व्यहोरा जानकारी गराउँदै यो विज्ञप्ति जारी गरिएको छ ।

**तपसिल**

| सि नं | आरोप-पत्र दायर मिति | प्रतिवादीको नाम,पद र कार्यालय | योग्यता र शैक्षिक संस्था | आरोप | सजाय /मागदावी |
|---|---|---|---|---|---|
| १ | २०७५/०१/१९ | प्र.ना.नि. नगेन्द्रकुमार भगत, प्रहरी प्रधान कार्यालय नक्साल अन्तर्गत | आई.एस्सी. Bihar Intermediate Education Council, Patna अन्तर्गतको बि.डि इभिनिङ्ग कलेज, पटना | प्र.स.नि पदमा नियुक्तीका लागि आई.एस्सी. को नक्कली शैक्षिक प्रमाण-पत्र पेश | साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९(२) र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६(१) बमोजिम |
| २ | २०७५/०१/१९ | राहत कोटाको प्रा.वि.तृतीय श्रेणी शिक्षक अञ्जना शाह, सरस्वती चौतारा नि.मा.वि, तुल्सीपुर न.पा.-९, दाङ | आई.ए., माध्यामिक शिक्षा परिषद, उत्तर प्रदेश, भारत अन्तर्गतको गर्ल्स इन्टर कलेज, साकेत नगर, रुपैडिया | नियुक्तिका लागि आई.ए. को नक्कली शैक्षिक प्रमाण-पत्र पेश | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम |
| ३ | २०७५/०१/१९ | प्राथमिक शिक्षक(अस्थाई) धनप्रसाद घिमिरे, पद्मकन्या मा.वि. डिल्लीबजार काठमाडौं | मध्यमा तह, बिहार संस्कृत शिक्षा बोर्ड, पटना | सेवा प्रवेश र बहाल रहने प्रयोजनका लागि नक्कली शैक्षिक प्रमाण-पत्र पेश | साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९(२) र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६(१) बमोजिम |
| ४ | २०७५/०१/२१ | सहायक पुस्तकालय अमिर श्रेष्ठ, पूर्वाञ्चल विश्वबिद्यालय, विराटनगर | मध्यमा तह, बिहार संस्कृत शिक्षा बोर्ड, पटना | सेवा प्रवेश र बहाल रहने प्रयोजनका लागि नक्कली शैक्षिक प्रमाण-पत्र पेश | साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९(२) र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६(१) बमोजिम |
| ५ | २०७५/०१/२१ | खरिदार धनकुमार लामा, विराटनगर महानगरपालिका, मोरङ | S.L.C सरहको मध्यमा तह, बिहार संस्कृत शिक्षा बोर्ड, पटना | सेवा प्रवेश र बढुवाका लागि नक्कली शैक्षिक प्रमाण-पत्र पेश | साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९(२) र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६(१) बमोजिम |
| ६ | २०७५/०१/२१ | राहत शिक्षक उषा यादव श्री प्राथमिक विद्यालय थारुटोल देवाही-७, रौतहत | हाईस्कुल तह, बिहार संस्कृत शिक्षा बोर्ड, पटना | सेवा प्रवेशका लागि नक्कली शैक्षिक प्रमाण-पत्र पेश | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम |

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता